## मिति २०७५।०९।१३ को कार्यपालिका निर्णय

**निर्णय नं.१:**

यस रत्ननगर नगरपालिकामा विगत् १८ वर्षदेखि कार्यरत कर्मचारी श्री शारदा देवी बाग्ले ज्यूको मिति २०७५ मंसिर २९ गते सडक दुर्घटनामा परी असामयिक निधन भएकोले सोप्रति शोक प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो । साथै मिति २०७५।०९।०१ गतेका दिन नगरपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयहरु बन्द गरिएकोले सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:**

यस नगरपालिकाको आगामी नगरसभा मिति २०७५ पौष २९ गते शुरू गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.**

प्रदेश नं. ३ बाट स्वीकृत प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि अनुसार स्थानीय तहबाट ४०% लागत सहभागिता व्यहोर्ने गरी योजना छनौट गरी पठाउने भन्ने पत्र प्राप्त भए बमोजिम तपशिलमा उल्लेखित योजना सिफारिस गरी पठाउने र सो लागत सहभागिता रकम (५०%) नगरपालिकाको म्याचिङ्ग फण्डबाट व्यवस्था गरिने निर्णय गरियो ।

**तपसिल**

| क्र. सं. | आयोजनाको नाम | ठेगाना | न.पा.को तर्फबाट ५०% सहभागिता | प्रदेश सरकारको तर्फबाट (५०%) | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | शीतल चोक भोकाहा उत्तर नवीन चोक सडक कालोपत्रे योजना | र.न.पा.२,४ शीतलचोक भोकाहाबाट उत्तरतर्फ टांडी बजार हुँदै नवीन चोक (सुब्बा चोक) | ९९,२१,०८७७५ | ९९,२१,०८७७५ | १,९८,४२,१७५।५० |
| | | | | | |

**निर्णय नं. ४:**

यस नगरपालिकाको कार्यालय र वडा कार्यलयहरूमा कार्यरत सामाजिक परिचालकहरूलाई २०७५ मंसिर १ गतेदेखि २०७६ असार मसान्तसम्मको लागि मासिक रू. १३,५००।- (तेह्र हजार पाँच सय) रकम भुक्तानी पाउने गरी सेवा करार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

रत्ननगर नगरपालिका, वडा नं. १६ कार्यालयको मिति २०७५।०९।१० गतेको च.नं. ९११ को पत्रानुसार नेपाल सरकार र UNDP ले यस क्षेत्रका कृषकहरूलाई उत्पादन गरेको फलफूल तथा तरकारीलाई उचित रूपले बिक्रि वितरण र व्यवस्थापन गर्न हाल नेपाल सरकारले यस नगरपालिका वडा नं. १६ अन्तर्गत रहेको मार्कण्डेय केरा उत्पादक सहकारी संस्थालाई छनौट गरेको र सहकारी बजार प्रवलीकरण कार्यको लागि सहकारीको जमिन नभएकोले यस वडा अन्तर्गत रहेको दोबाटो टोल विकासदेखि पूर्व कयर खोलाको सीमानामा पर्ने सार्वजनिक जग्गामध्ये ०-७-० कठ्ठामा कलेक्सन सेन्टर निर्माणको लागि जग्गा लिजमा लिनु पर्ने भएकाले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ मा व्यवस्था भए बमोजिमको समिति मार्फत् नेपाल सरकारबाट उक्त क्षेत्रफलको जग्गा मार्कण्डेय केरा उत्पादन सहकारी संस्थालाई उपलब्ध गराउने व्यवस्था गरिदिनु हुन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

यस नगरपालिका कार्यालयमा सेवा करारमा कार्यरत नगर प्रहरी श्री क्षेत्र बहादुर गुरुङ्गलाई कार्यालय समय साथै विहान बेलुका अतिरिक्त समयमा कामकाज लगाउनु पर्ने भएकोले प्रोत्साहन स्वरुप निजलाई विहान खाजा र खानाको दैनिक रु. २५०।-(दुईसय पचास मात्र) का दरले उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यस नगरपालिकामा आईपर्ने विभिन्न मुद्धा मामिलामा सहजीकरण तथा आवश्यक कानुनी परामर्शका लागि रत्ननगर नगरपालिका वडा नं. २ बस्ने श्री प्रकाश राज रेग्मीलाई नगरपालिकाको कानुनी सल्लाहकारकोरुपमा सेवा करारमा

लिईएकोमा निजको सेवा करारको म्याद मिति २०७५ आषाढ मसान्तमा समाप्त भएकोले अर्को व्यवस्था नहुन्जेल निजलाई पुनः एक वर्षको लागि (२०७६ आषाढ मसान्तसम्म) सेवा करार निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

मिति २०७५।०८।२८ गतेका दिन यस नगरपालिका कार्यालयमा स्थानीय तहका कर्मचारीहरुले आन्दोलनका कार्यक्रमप्रति ध्यानाकर्षण तथा आवश्यक पहल सम्बन्धमा निवेदन पेश गरेकोले स्थानीय तहका कर्मचारीहरुको आन्दोलनमा उठेका जायज मागहरुलाई सम्वोधनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस नगरपालिकाको विधायन समितिबाट पेश भएको अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधी, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:**

यस रत्ननगर नगरपालिकामा कार्यरत साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका तपशिलमा उल्लेखित कर्मचारीहरूलाई तपशिल बमोजिमका पद, सेवा, समूहमा समायोजन गर्ने निर्णय गरियो । समायोजनको पत्र तयार गरी सम्बन्धित  कर्मचारीहरूलाई उपलब्ध गराउनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

तपसिलः

| सि.नं. | कर्मचारीको नामथर | साविक | | | | शैक्षिक योग्यता | समायोजन हुने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको पद | श्रेणी वा तह | सेवा | समूह | | पद | श्रेणी वा तह | सेवा | समुह |
| १ | प्रकाशचन्द्र ढुङ्गाना | इन्जिनियर | अधिकृतस्तर छैटौं | ईन्जि नियरिङ्ग | सिभिल | डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ पास | इन्जिनियर | अधिकृतस्तर छैटौं | ईन्जि नियरिङ्ग | सिभिल |
| २ | राजेश गुरुङ्ग | आ.ले.प. | सहायकस्तर पाचौं | आलेप | लेखा | आई.कम पास | आ.ले.प. | सहायकस्तर पाचौं | आलेप | लेखा |
| ३ | मोहन प्रसाद तिमिल्सीना | सव ई | सहायकस्तर पाचौं | ईन्जि नियरिङ्ग | सिभिल | एस.एल.सि., डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ अध्ययन | सव ई | सहायकस्तर पाचौं | ईन्जि नियरिङ्ग | सिभिल |
| ४ | नवराज तिवारी | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | एस.एल.सि. पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ५ | डिम्मेश्वरी पौडेल काफ्ले | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | एस.एल.सि. पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ६ | कुमारी राधा चौधरी | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | एस.एल.सि. पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ७ | उर्मिला तमाङ्ग दाहाल | कम्प्यूटर अपरेटर | सहायकस्तर पाचौं | प्र. | प्र. | वि.एड. पास | कम्प्यूटर अपरेटर | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ८ | पुष्पराज आचार्य | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | वि.ए. पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ९ | शंकर बहादुर कुँवर | सव ई | सहायकस्तर पाचौं | ईन्जि नियरिङ्ग | सिभिल | एस.एल.सि., सिभिल सव ओभरसियर (CTEVT) | सव ई | सहायकस्तर पाचौं | ईन्जि नियरिङ्ग | सिभिल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पास | | | | |
| १० | सुरेन्द्र चौधरी | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| ११ | रमेश लाल ताम्राकार | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १२ | शिव प्रसाद लामिछाने | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १३ | वासुदेव रिजाल | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १४ | पदमराज सापकोटा | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.ए पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १५ | शंकर बहादुर गिरी | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १६ | रुप बहादुर पण्डित क्षेत्री | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. | आई.कम पास | ना.सु. | सहायकस्तर पाचौं | प्र. | प्र. |
| १७ | सूर्य प्रसाद ढुङ्गाना | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. | एस.एल.सि. पास | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. |
| १८ | राजशरण न्यौपाने | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. | एस.एल.सि. पास | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. |
| १९ | खगनाथ पराजुली | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. | एस.एल.सि. पास | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. |
| २० | लिलानाथ अर्याल | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. | एस.एल.सि. पास | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. |
| २१ | गोपाल प्रसाद भट्टराई | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. | टेष्ट पास | खरिदार | सहायकस्तर चौथो | प्र. | प्र. |
| २२ | रामकृष्ण घिमिरे | ईलेक्ट्री सियन | सहायकस्तर तेश्रो | प्रा. | ईलेक्ट्री सियन | नौ कक्षा पास | ईलेक्ट्री सियन | सहायकस्तर तेश्रो | प्रा. | ईलेक्ट्री सियन |
| २३ | विनोद कुमाल | ईलेक्ट्री सियन | सहायकस्तर तेश्रो | प्रा. | ईलेक्ट्री सियन | टेष्ट पास | ईलेक्ट्री सियन | सहायकस्तर तेश्रो | प्रा. | ईलेक्ट्री सियन |
| २४ | राजेन्द्र कुमार श्रेष्ठ | सवारी चालक | चौथो स्तर | स.चा. | ह.स.चा. | सामान्य | सवारी चालक | चौथो स्तर | स.चा. | ह.स.चा. |
| २५ | हिमाल खड्का | नगर प्रहरी | श्रेणीविहिन | प्र. | प्र. | ८ कक्षा पास | नगर प्रहरी | श्रेणीविहिन | प्र. | प्र. |
| २६ | रामकुमार तमाङ्ग | नगर प्रहरी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | नगर प्रहरी | श्रेणीविहिन | प्र. | प्र. |
| २७ | राजेन्द्र महतो | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. | सामान्य | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. |
| २८ | आशा देवी गौतम | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. | सामान्य | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. |
| २९ | सम्सेर बहादुर कुमाल | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. | सामान्य | का.स. | का.स.चौथो स्तर | प्र. | प्र. |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | हरिवंश अधिकारी | का.स. | का.स.दोश्रो स्तर | प्र. | प्र. | एस.एल.सि. | का.स. | का.स.दोश्रो स्तर | प्र. | प्र. |
| ३१ | राम कुमार सिङताङ | का.स. | का.स.दोश्रो स्तर | प्र. | प्र. | सामान्य | का.स. | का.स.दोश्रो स्तर | प्र. | प्र. |
| ३२ | बुधन महतो | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३३ | भक्तु दरै | सरसफाइ कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३४ | सावित्री बस्नेत | सरसफाइ कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३५ | गोमा देवी घर्ति | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३६ | राजन मली | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३७ | कौशिला मली | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाइ कर्मी | श्रेणीविहिन | प्र. | प्र. |
| ३८ | विर बहादुर सार्की | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. | सामान्य | सरसफाई कर्मी | श्रेणीविहिन | प्र. | प्र. |